मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १३५ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत २१ गते शनिवार (Saturday, April 3. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

सूचना

''आर्थिक सशक्तिकरणसहिकतको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउन शुरु



**झापा, चैत २०।** हात्तीपाइले रोग निवारण अभियानअन्तर्गत झापामा शुक्रवारदेखि हात्तीपाइलेको औषधि खुवाउन घरदैलो कार्यक्रम शुरु भएको छ।

एक पटक औषधि खानु वरदान हो, नखाए सधैंको लागि अभिसाप हुन्छ, भन्दै जिल्लाका १५ वटै स्थानीय तहमा एकै पटक हात्तीपाइलेको औषधि खुवाउने कार्यक्रम शुरु भएको स्वास्थ्य कार्यालय झापाका निमित्त प्रमुख ईश्वरीप्रसाद पौडेलले बताए।

भद्रपुर नगरपालिकाको स्वास्थ्य शाखाले शुक्रवार बिहान १० नम्बर वडा कार्यालयमा आयोजना गरेको एक कार्यक्रमकाबीच हात्तीपाइलेको औषधि खुवाउने अभियानको उद्घाटन गरेको थियो। जिल्ला समन्वय समिति झापाका अध्यक्ष सोमनाथ पोर्तेल, भद्रपुर नगरपालिका मेयर जीवनकुमार श्रेष्ठ, उपमेयर चन्द्रामाया श्रेष्ठ, मेची अञ्चल अस्पतालका मेसु डा. पीताम्बर ठाकुरले संयुक्त रुपमा हात्तीपाइलेको औषधि खाएर कार्यक्रमको उद्घाटन गरेका हुन्।

कार्यक्रममा समन्वय समिति झापाका अध्यक्ष पोर्तेलले जिल्लावासीले हात्तीपाइलेको औषधि खाएर अभियान सफल बनाइदिन आग्रह गरे। त्यस्तै भद्रपुर नगरपालिकाका मेयर श्रेष्ठले हात्तीपाइलेको औषधि नखाने नगरवासीको पहिचान गरी सेवा सुविधामाथि रोक लगाउने चेतावनी दिए।

भ्रमको पछाडि नलागी निर्धक्क भएर हात्तीपाइलेको औषधि खान उनले सबैमा आग्रह समेत गरेका छन्।

## नेपाल ह्दयरोग निवारण प्रतिष्ठानमा पोखरेल



**सुरुङ्गा, चैत्र २०।** नेपाल हृदय रोग निवारण प्रतिष्ठान (नेपाल हार्ट फाउण्डेसन) झापाको अध्यक्षमा कुमारमणि पोखरेल चयन भएका छन्।

प्रतिष्ठानको दोस्रो साधारणसभाबाट पोखरेल अध्यक्षमा सर्वसम्मत चयन भएका हुन्। कनकाई उद्योग वाणिज्य संघ, सुरुङ्गा जेसीज, रोटरी क्लब अफ सुरुङ्गा, दुर्गापुर बजार व्यवस्थापन समिति लगायतका संघसंस्थाको नेतृत्व गरिसकेका पोखरेल बौद्धिक व्यक्तित्व मानिन्छन्। नवगठित १३ सदस्यीय कार्यसमितिको उपाध्यक्षहरुमा शुभ कुमाई पाठक र लक्षेन्द्रकुमार यादव, सचिवमा लुबराज उप्रेती, सहसचिवमा सशील पोखरेल, कोषाध्यक्षमा उषा श्रेष्ठ र सहकोषाध्यक्षमा विगत ओझा रहेका छन्। त्यसरी नै सदस्यहरुमा सन्तोष अग्रवाल, दिनेश पोखरेल, रुचि शिवाकोटी, किशोर क्षेत्री र सत्यदेव यादव चयन भएका छन्। विधानको व्यवस्था अनुसार निवर्तमान अध्यक्ष डा. सी.पी. यादव सदस्यमा रहेका छन्।

२०७० सालमा स्थापित प्रतिष्ठानको झापा शाखाले रोटरी क्लब मिडटाउन विर्तामोडको सहकार्यमा विभिन्न स्थानमा मुटु शिबिर सञ्चालन गरी ६ हजारभन्दा बढी विद्यार्थीको मुटु परीक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरिसकेको छ। 'मुटु जोगाऔं' मूल नाराका साथ सन् १९८८ मा स्थापित नेपाल हार्ट फाउण्डेसनले मुटु रोगसम्बन्धी समस्या न्यूनीकरण गर्ने, मुटुरोगबाट मर्नेको संख्या घटाउने, मुटु रोगसम्बन्धी निदानात्मक, उपचारात्मक र निरोधात्मक सेवा अभिवृद्धिका लागि भूमिका खेल्ने, स्वस्थ मुटुका लागि स्वस्थ जीवन शैलीको पैरवी गर्ने, मुटु सम्बन्धी औपचारिक तथा अनौपचारिक शिक्षाको व्यवस्थाका लागि पहल गर्ने लगायतका काम गर्दै आएको छ।

शुक्रवार वृक्ष क्याफे दुर्गापुरमा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष डा. यादवले मुटुरोगीको संख्या र मुटुरोगका कारण मर्नेको संख्या बढ्दै गएको अवस्थामा खानपानमा सुधार गर्नुपर्ने, नियमित व्यायाम गर्नुपर्ने र नियमित मुटु परीक्षण गर्नुपर्ने सुझाव दिएका थिए। कार्यक्रममा सुरुङ्गा जेसीजका पूर्व अध्यक्ष सरला पोखरेल, सुष्मा न्यौपाने लगायतको आतिथ्य रहेको थियो। कार्यसमिति सदस्य भीम खवासको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन लक्षेन्द्रकुमार यादवले गरेका थिए।

## चालक अनुमति पत्रको परीक्षा सहज




**झापा, जेठ २०।** सरकारले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को परीक्षा प्रणाली खुकुलो बनाएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले लाइसेन्स वितरणका लागि नयाँ कार्यविधि स्वीकृत गर्दै लाइसेन्स वितरणमा सहज बनाएको हो। जोठ १ गतेदेखि लागू हुने गरी विभागले ''सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि २०७७'' स्वीकृत गरेको हो।

उक्त कार्यविधि अनुसार अनुमति पत्रका लागि दिइने ३० अंकको लखित परीक्षामा पहिले नै सर्वजनिक गरेको ५०० वटा प्रश्नपत्रबाट सोधिने छ। जसमा ८० प्रतिशत अङ्क ल्याउँदा लिखित परीक्षामा उत्तीर्ण हुने छ।

साथै प्रयोगात्मक परीक्षा (ट्रायल)मा ७० प्रतिशतसम्म ल्याएमा उत्तीण गरिनेछ। उक्त नियम ठूला सवारी साधनमा भने लागू नहुने विभागले जनाएको छ।

## दुई पत्रकार सम्मानित

**इलाम, चैत २०।** इलामका दुई अग्रज पत्रकार सम्मानित भएका छन्। जिल्लाको पत्रकारितामा लामो समयदेखि क्रियाशील अग्रज पत्रकार सोमनाथ सुसेली र सटेन्द्र जवेगू सम्मानित भएका हुन्।

उनीहरुलाई सहकारी दिवसको अवसर पारेर जुनतारा सामाजिक विकास केन्द्रले सम्मान गरेको हो। उनीहरुलाई दलबहादुर बस्नेत स्मृति पत्रकारिता पुरस्कारबाट जनही नगद रु. १० हजारसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

सम्मानित सुसेली नेपाल पत्रकार महासङ्घ प्रदेश नम्बर- १ को उपाध्यक्ष, रेडियो नेपालबाणी एफएमका स्टेशन म्यानेजर तथा इलाम एक्सप्रेस दैनिकका प्रधान सम्पादक हुन् भने जवेगु नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य तथा इलाम पोष्ट दैनिकका सम्पादक हुन्।

**पायल्स तथा फिस्टुलाको सफल उपचार!**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा चैत २४ गते मंगलबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)




**पसल बिक्रीमा**

राम्रो फाइदा दिइरहेको बिर्तामोडको मुक्ति चौकस्थित फेन्सी सुज स्टोर विशेष कारणले विक्री गर्नु पर्ने भएकोले व्यवसाय गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८५२६७४१७६

२६ औं वार्षिकोत्सव

**वार्षिकोत्सवको शुभकामना**

सहारा नेपाल साकोस लि. बिर्तामोड-२, झापाको
२६ औं वार्षिकोत्सव
को उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारी अभियन्ता, सरोकारवाला र समस्त जनसमुदायमा संस्थालाई यो उचाईमा पुऱ्याउन सहयोग गर्नु भएकोमा हार्दिक आभार व्यक्त गर्दछौं।

हरिप्रसाद निरौला — कार्यवाहक अध्यक्ष
महेन्द्रकुमार गिरी — कार्यकारी प्रमुख

मिति : २०७७/१२/२१

**संस्थाको अवस्था**

| | |
|---|---|
| सदस्य | : १४८९७८ |
| सेवा केन्द्र | : ७३ |
| शेयर पुँजी | : १४३ करोड |
| बचत | : ७६९ करोड |
| ऋण लगानी | : ९०० करोड |
| जगेडा कोष | : ७८ करोड |
| वासलात | : १११५ करोड |

**स्वास्थ्य क्षेत्रमा योगदान**
- उपचार, अपरेसन, दुर्घटना र विशेष रोग लगायतमा २७६४२ जना सदस्यहरुलाई रु. २८,५४,८९,९५७/- सहयोग

**शिक्षा क्षेत्रमा योगदान**
- विद्यालय सञ्चालन : २४० जना विद्यार्थी अध्ययनरत
- १७९ जनालाई प्राविधिक शिक्षाको लागि छात्रबृत्ति प्रदान

**ऊर्जा क्षेत्रमा योगदान**
- ३२४७ बायोग्याँस प्लान्ट निर्माण
- ८१६४ सोलार जडान

**सामाजिक क्षेत्रमा योगदान**
- १८ वटा जेष्ठ नागरिक चौतारी निर्माण
- ५ वटा खानेपानी ट्याङकी निर्माण
- २ वटा एम्बुलेन्स हस्तान्तरण तयारी
- १८०० वटा विपन्न आवास निर्माणमा सहजीकरण

**कृषि क्षेत्रमा वितीय तथा प्राविधिक सहयोग**
- ९०० वटा स्यालो ट्युबेल बितरण गरी ३००० हेक्टर जमिनमा सिचाई सुबिधा
- कृषिलाई व्यावसायिक बनाउन १२०० वटा टनेल वितरण
- १४ हजार सदस्यलाई कृषि प्राविधिक सहयोग

**कोरोना राहत कार्यक्रम**
- ७८१६ जनालाई विपद सापटी रकम रु. २,६८,२३,०००/-
- ब्याजमा १०% प्रतिशत छुटबापत रु. ३ करोड ४५ लाख
- प्रदेश सरकार, स्थानीय सरकार मार्फत रु. ५७,३५,२५७/- बराबरको राहत प्याकेज उपलब्ध गराइएको

**पशुपालनमा किसानलाई सहयोग**
- ४२७९ जना किसानलाई बाख्रा र कुखुरापालनमा सहयोग
- ९१ करोड वित्तीय लगानी
- ३० वटा फ्रेस हाउस निर्माणमा साझेदारी

**युवा स्वरोजगारमा योगदान**
- ३००० वटा अटो रिक्सामा लगानी

**सहारा नेपाल**
**बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
केन्द्रीय कार्यालय : बिर्तामोड नगरपालिका-२ (चारपाने), झापा
फोन : ०२३-५४११९८, ५४३४०८ । फ्याक्स : ०२३-५४३७१६
Email : centraloffice@saharanepal.coop.np | Website : saharanepal.coop.np

# हार्दिक समवेदना एवम् भावपूर्ण श्रद्धाञ्जलि



**जन्म**
**वि.सं. १९८८ कातिक १७**
**कुमारीपाटी, ललितपुर**

**स्वर्गारोहण**
**वि. सं. २०७७ चैत १०**
**बिर्तामोड, झापा**

## स्व. गिरिराजकुमारी प्रसाई

यस प्रतिष्ठानकी संरक्षक एवम् जग्गादाता, प्रजातान्त्रिक समाजवादी विचारक सि.के. प्रसाईंकी धर्मपत्नी, नेपाली कांग्रेसकी नेतृ **गिरिराजकुमारी प्रसाईं**को यही २०७६ साल चैत्र १० गते ९० वर्षको उमेरमा आकस्मिक देहावसान भएको घटनाले प्रतिष्ठान परिवार स्तब्ध र मर्माहत बनेको छ ।

ललितपुर जिल्लाको कुमारीपाटीमा वि. सं. १९८८ साल कात्तिक १७ गते गञ्जबहादुर कार्की र चन्द्रकुमारी कार्कीकी माहिली सुपुत्रीका रूपमा जन्मनु भई भारतको इलाहावाद विश्वविद्यालयबाट समाजशास्त्र र फाइन आर्टस् विषयमा स्नातकोत्तर गर्नु भएकी उहाँ २०२५ सालमा सि.के. प्रसाईंसँग वैवाहिक सम्बन्धमा बाँधिनु भएको थियो । तत्कालीन पञ्चायती सरकारले सर्वस्वहरणसहित देश निकाला गरेका आफ्ना पति सि.के. प्रसाईंलाई राजनीतिक यात्रामा निरन्तर साथ, सहयोग र प्रेरणा प्रदान गर्नु हुने उहाँ २०२६ सालमा आममाफीपछि सपरिवार देवीबस्ती बिर्तामोडमा बसोबास गरिरहनु भएको थियो । नेपाली कांग्रेस झापाको संगठन विस्तारमा अहम् भूमिका खेल्नुहुने उहाँ २०५६ सालको आम निर्वाचनमा पार्टीको तर्फबाट प्रत्यासी उम्मेदवार हुनुहन्थ्यो । नेपालको लोकतान्त्रिक आन्दोलनका एक सक्रिय योद्धा, पार्टीको जीवन्त इतिहास उहाँको देहावसानबाट परिवारजनमा परेको पीडाप्रति हामी समवेदित छौं ।

यस दुःखद् घडीमा उहाँका छोरा-बुहारी यस प्रतिष्ठानका संरक्षक विवेक केशरी-संगीता, छोरी रमिता प्रसाईं, छोरी-ज्वाइँ नम्रता सिंह-शेखरसिंह बिष्ट, नातिनी–ज्वाइँ अपेक्षा प्रसाईं पोखरेल-मिसाल पोखरेल, नातिहरू आयुष्मान केशरी प्रसाईं, अनुदान प्रसाईं र रेहान सिंह बिष्ट, नातिनीहरू श्रेया सिंह बिष्ट र रेहा बिष्ट लगायत समस्त परिवारजन, आफन्त, कुलकुटुम्बमा शोक सहने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दै १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

| डिल्लीप्रसाद प्रसाईं | इन्दु पूर्वेली | लक्ष्मीप्रसाद आचार्य | कुमार भट्टराई | टीकाप्रसाद प्रसाईं |
|---|---|---|---|---|
| कोषाध्यक्ष | सचिव | महासचिव | उपाध्यक्ष | अध्यक्ष |

एवम्

# सि. के. चिन्तन प्रतिष्ठान परिवार

**अर्जुनधारा–६, झापा**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# मेरो गिदीको भोल्टेज डाउन गराए हरिरामले !



व्यंग्यनारान पाँडे

चिलिम फर्किसकेको राजाकाल-राणाकालतिरका श्री ५–श्री ३ हरू र तिनका हनुमान-चालिसे सक्कली-नक्कली रजौटाहरूलाई दश कदम उछिनेर देशको श्रोत र दान-दातब्य मरक्मरक् उग्राइरहेका एमालेहरूको सरकारी चाहिँ मौजाको जिम्मावाल हूँ भनेर उफ्रीपाफ्री गरिहिँड्नेमध्ये अहिले हरिराम पनि गन्तीमा आउन थालेका छन् । 'हिँज्आज म अग्रज कम्रेट गर्दैछु' भन्ने ढ्याङ्ग्रो ठोकेर र स्थानीय सादा-सीधादेखि सस्याना व्यापारी-पैकारीका निम्ति बुख्याँचा बनेर उदाएका हरिराम 'सरकार' वा 'सरकारी' शब्द सुन्नासाथ पिघ्रा कमाउनुपर्ने यो वर्तमानमा अन्तरआतङ्को पात्र बनिसकेका छन् भूइँ जनताका माझ ! 'कहिले सासूको पालो-कहिले बुहारीको पालो नि हओ, कस्तो कुरो नबुज्या ?' भन्दै ढ्याँस पिट्न थालेका छन् हिजो-आज !...

पहिला क्या त, ढुङ्गा खाए पनि पचाउन सकिने उमेरमा अथवा कुखुराको सुली बाङ्गोटिङ्गो देख्ता पनि हाँस उठ्ने उमेरमा म एक माम्लामा निकै चक्चके थिएँ र मेरा बाले मेरा गाला रन्काइरहनु पर्थ्यो । त्यसबेला अहिलेका यिनै कमरेड हरिराम केवल 'हरिराम पुरेत' मात्र थिए । यिनै हरिरामकी हाल गर्भिणी गुजराँती भैंसी जस्ती एक्ली छोरी मनकुमारी पनि त्यतिखेर मटन मरेकी पठेक्री वा कोरली थिई, अत्यन्त चञ्चली र हेरेर धित नमर्ने–अर्थोक नसोचूँ भन्दा पनि मन नथामिने ! त्यसबेला कसो-कसो सिक्वेन्स मिलेर त्यससँग मेरो वा मसित त्यसको अथवा हामी दुईको सम्बन्ध नङ र मासु अथवा मासु र नङकै जस्तो थियो । यो कुरो त्यसलाई र मलाई अनि अलिअलि हरिरामकी अर्द्धबाठी बज्यैलाई मात्र थाहा थियो भनम् न । हाम्रो त्यस्तो सम्बन्ध, मैले जानेसम्म, साहित्यकारहरू शंकर लामिछाने र पारिजात (विष्णु वाइबा)-का बीचमा मात्र थियो भन्ने सम्झिँदा मलाई गर्व लाग्छ । लामिछाने र पारिजातको त्यस्तो कस्तो सम्बन्ध थियो भन्ने जान्न तपाईंलाई पनि कुत्कुति लाग्यो भने– ती क्या त जापानी उपन्यासकार अस्मो दजाइको अङ्ग्रेजीमा अनुदित उपन्यास 'दि सेटिङ सन'-लाई नेपालीमा अनुवाद गरेर 'शिरीषको फूल' बनाएकी छन् पारिजातले । त्यसको भूमिकामा शंकर लामिछानेले लेखेका छैनन् त ? हन 'दाम खामेको खाम' रिपोर्टिङ गर्न झोला भिरेर हिँडिरहने 'पत्रकार' मात्र गर्ने ?....हत्तेरिका, कुरो कता पो भँगालिएछ यार !

अँ, आज बिहान घरमा पालेको 'सुन्दरी' नामको कुकुर (कुत्ती)-को घाँटीमा बेल्ट बाँधिदिँदैथेँ म, 'कम्रेट' हरिराम पुरोहित उनकी उही बैला छोरी मनकुमारीलाई समेत लिएर धडाधड आँगनमा प्रस्तुत हुँदो भए । अहिले मेरा आँखीभौंका रौं समेत फुलिसक्या छन् र भापनि मेरो मन किन-किन उत्ताउलिएर बुरुक्क पो भो, ए गाँठे !"

पेन्ट र भेस्टमा अटसमटस अँटाएकी मनकुमारीबाट आँखा मोडेर हरिरामतिर हेर्दै मैले कुरो शुरु गरें– "के छ त तपाईंको पार्टीको राजनीति अहिले ? देशको दलन कहाँ पुग्दैछ ?"

उनले बसेको कुर्सीबाट उठूँला झैं गर्दै चर्केर भने– "के सोध्या तो ? अैलेको मोस् पाओरफुल पार्टीको थानीए ठालू भइखाइरको व्याक्ति भन्या उइले राँडाकालको 'जन्मिदै जर्नेल' जइस्यै हुन्छ भन्ने था छैन ? ल हेर त ! उत्रो ठूलो चुलाचुली फोरेसको बुलु सेनिमा कम्पनीकी मेन हिरोनीका समच्छे मलाई हेप्ने ?"

मैले पनि उत्रै आवाज निकालेर भनें– "भइगो नि त, राजनीतिको कुरो नगरौं । अनि आतेपाते क्षेत्रका दुना-टपरामा कत्तिको प्रगति छ त हरिराम पुरोहितजी ? मादक पदार्थले नशा लाग्न छोड्यो कि लाग्दैछ ?"

यसैबेला मनकुमारीले ड्याउ काडी र उसको बाऊ हरिरामतिर चर्की– "अऊ ड्याडी, तपइँ किन रिसाको हैं ? पाँडे सरले ठीकै त सोद्नु भयो ?"

हरिराम अझ बम्के– "तँ चूप लाग् ।...तँ रानीतिको पोल्टिकल खेल्न जान्दछेस र बोल्छेस् ? बेस्सरी खानु, मोटाउनु र हिर्रोहर्सित लठारिएर सेनिमा खिचाउनु सिवाए तँलाई के था छ र इ पाँडेको पच्छेमा काङरेसी ओकालत गर्छेस् ? मेरो मर्ज्यादा तँलाई था छैन र कुरा काट्छेस् ?"

ऊ जुरुक्क उठी र हरिरामको नाकमा औंला पुर्याउँदै भनी– "कस्तो मर्ज्यादा ? दिनभरि बाहुन, रात परेपति सँधै डाउन् । मान न मर्ज्यादा !"

हरिरामले छोरीका औंला पन्छाउँदै अलिक दच्केर भने– "हामी पुराना खाले खलपत्रे बाउन् हम् र ? हामी त कञ्चन कमिनिस बाउन् । कोर्रियान मुन माताका पइत्र हातले छर्केको होल्ली वाइनले पाप पखाल्ने बाउन् । हामी जाँड खान्छम्, भाङ खान्छम्, सुँगुर-बुँगुर खान्छम्, राँगो-भुइँसी खान्छम, मौका परे देशै खान्छम्....ती क्या त, आफ्नु बड्डे मनाउन तेरथुम पुग्दा हामेरका सन्मान्नीए अदच्छे एबङ पर्दानमन्त्री केप्पी ओली मउसुप सर्खारका बाउलीबड मिठाइ बनाउने टेसिलो जिनिसले बनाको पच्चीस किलाको नेपाल देशका चोक्टा-चोक्टा काटेर आफूले पनि जिउनारिबक्सिनु भो भने कमिनिस बङसीय मउसुप हजुरका भक्त-भक्तिनीहर्ले सो पच्चीस किलाको नेपाल देशका चोक्टा-लाम्टा मीठो मानेर जिब्रो पढ्काउँदै हसुरेका थे । देशका सब्से ठूला कार्येकारीले तेसो गर्नु-गराउनु भन्या यो देश इन्ड्या भारत र चाइँनाले समेत सिमानाबाट चुँड्दै-चोक्ट्याउँदै लगेर अन्तिमको लास्-टमा पच्चीस किलाको स्यानो खेलौना जत्रो मात्तै रन्छ र तेल्लाई चइँ हामेरु-हामेरुले पर्साद जइसो बिलो बाँडेर जए मातिभूमि भनेर ती तेस्तै हर्कबढ्याइँ-रामरस गर्दै भाग पाए जति गाँस गमक्र्यानु पर्दछ हइ भन्ने अर्ग्रिम जानकारी गराउने किर्पा हो । तँ बल्ल पइँचालीस बर्ख टेकेकी फुच्ची-बचरीलाई मैले जइसो रानीतिकको गुज्जे एटिभिटिच के मालम छ र इ पाँडेका मुखिन्जी मलाई मुनपरि भन्छेस् ? हामेरु आफ्नु कमिनिस बम्सका अगउटाहेरू ती तेसरी आफ्नु मातिभूइँको भूइँ पच्चीस किलाको भउन्जेल सत्ता-अठ्ठादेखुन् नहलसम्मन बस्छम् र तो टुक्रोलाई हामरुबाएक अरु-अन्ने पाटीतिरका ल्याङ्ठा-पिनासेहर्ले भेट्तै नभेटुन् भन्र चोक्टा-चोक्टा पारेर खाई पचाइदिने भोलिको भाभी भबिसेक ती तेसरी तेरथुममा जइसै गर्ने नइतिक्ता राख्छौं । हामेरु जत्तिको च्वाक र लास्-टै देशभक्त रास्टबाधी इ पाँडे लगाएत अर्हेरु कस्सैलाई हुन दिए त मर्रिजाउँ ल ! तँ इ पाँडेको सलक्क पर्या बिउटो गुण्डो अन्भार, यो सिमन्टीको पक्का घर, गामठाममा खेत, इँट फेकटरी, बइँङ्कामा नखत इत्तेदिबड पर्भाभित भ'र मेरो पेस्टिच नलत्या । भनेसि हामेरु हामेरको अतेन्त नइतिक, अतेन्त रास्टबाध, अतेन्त देशभत्त र अर्हर्ले स्यानो-चुक्सा भस्टचारी गरे पनि नसहने, चलित्रवानमा लम्बरी अग्रणी खलकमा पर्छम् र अैले मेरो सुबनाम फस्मा छ एस पर्देशको एस एरियामा । भनेसि हामेरु भोलि-भोलि के-के खाँदै जाने रछम् भन्ने दिस्टिकोणले हेर न छोरी ! मैले जाँड-भाङ खाको झीनु-मसिनु कुरो किन गर्छेस् ? साँज-बेल्काको ट्याममा जाँड-भाङ-धतुरो जे खाए नि दिसभरि राम्नामे बर्को ओडेर, निदारदेखुन् नाकको डाँडी र किल्किलेसम्म लचेप्रै चण्डन ला'र चाइनेकेरे पिउर बाउन् भइकन पुरेत्याइँ गरिराख्या छइँछु, ओ मास-ल्यालिन बर्म-बिस्नु-मादेव कर्मैले पुकार्दै पूजा-किरिया फिनिस्याउने बेपार-बिस्नेस् गरेकै छु । नइतिक्ता, धर्म, प्रम्प्रा भन्ने जिनिस आफ्ले जाने जति मइनट्यान गरिराख्या छु । जति भनिन्छ तेति जम्मै गर्ने अथ्वा मुखले भन्या सप्पै कामले गर्न थालो भने त जन्ता सम्रविर्द र सुख्खी भइजान्छन् अनि हामेर्को जनवाधी, सर्भहाराबाधी, दुख्खी गरीपपन्थी कमिनिसे रानीति कस्को टाउको टेकेर गर्ने त ? सहे काम गर्ने भन्र भन्ने अनि बढीमा पान्टा गर्ने...अलि-अलि हात लागी हुने सिकेन्स-स्याटिनको चानस मिलेछ भने बढीमा छे-सात्टासम्म गरो...जन्ता मोरा छेरौटीले मर्न नसकेका हन्मतहेरूलाई त 'झर्ला र खाउँला' मै अल्झाई-बल्झाई नगरे त हामेरको रानीतिकको पोल्टिस काँ बाँच्छ त छोरी ! तेति ट्याउटिस नजाने के खान यो पढ्के रानीतिकमा बगालिनु त ? तँ भख्खर पइँचालीस बर्ख नागेकी कन्ने केटीलाई के था र होइन ? तँ तेरै सेनिमाको हिरोनीमा लागिराख, म एताबड रानीतिक सोसफोस लाइरन्छु ।...कैलेकाइँ तइँले हिरोनी खेलेको बुलु सेनिमा रामदुलारी र इन्जिन्यार सेवाराम जादौले हेरेको कुरा गर्दै 'भउत आच्छा' भन्थे, मैले चइँ आजसम्म हेर्न पा'छैन । मलाई पनि हेरा न । म पनि छोरीको पर्गाति-पोर्गेस हेरम् । आफ्ना रगतका डल्लाको उन्नति हेर्ने हर्हर् तिर्खा लागिराख्या छ क्या ।"....

हरिरामको लामो भनाइ मैले समेत चूपचाप सुनें । मनकुमारी पनि निःशब्द सुनिरहेकी थिई । अहिले एक्कासी उसका पोक्चा गाला रप्याउँदै र बल्ढ्याङ्ग्रे आँखा हान्ने गोरुका झैं बनाउँदै, शरीर छचल्काउँदै, एकाएक हरिराम र मबाट चोइटिँदै धैलुङ-धैलुङ हिँडी । एकछिन् अल्मलिए हरिराम र भने– "ए.... ए मनु, हन मैले तँलाई भन्ने निउँमा इ पाँडेलाई अर्जापेर तर्साउन मात्रै खोज्या पो त.... तइँले कुरो बुजिनछेस् । ए मनु, हामेरको सर्खारी रानीतिकको पोल्टिकल खेल्ने इसटाएल मैले एस्तै सिक्या छु त म के गरुँ ?....ए पर्खी न पर्खी, म पनि जान्छु नि ।...पख्-पख् एछिन, एताबड थुरुक् म तइँलाई तइँले नै पैला नाम लिएकी कुइरे भाजनकाँ लग्छु, धरोधर्म लु ।"....

मनकुमारी धमाधम गइरहेकी थिई । हरिराम पनि पछ्याउँदै कुदे ।

म हेर्याहेर्यै भएँ । मेरो गिदीको भोल्टेज डाउन् भए जस्तो थियो !.....

कृति समीक्षा

# सङ्ग्रौलाको उपन्यास 'सङ्क्रमण'




भुवन तामाङ

नेपाली साहित्यको उपन्यास भण्डारमा अर्को कोशेली थपिएको छ । त्यो कोशेली हो साहित्यकार 'राजेन्द्र सङ्ग्रौला'को नयाँ उपन्यास 'सङ्क्रमण' । विश्व मानव समुदायका लागि अहिलेसम्मकै सबैभन्दा डरलाग्दो विपत्ती भएर देखिएको 'कोरोना भाइरस'ले निम्त्याएको त्रास अर्थात 'मनोविज्ञान' नै सुन्दर उपन्यास बनेर पाठक समक्ष आएको छ ।

कोरोनाकाल लम्बिँदो छ । अर्को लहर शुरु भइरहेको छ । यसबीच धेरै धेरैले धेरै कुरा लेखे होलान् । तर, संङ्क्रमण उपन्यास जस्तो सायदै लेखिए होलान् । झ्याम्मै कोरोना भाइरसको कहर शुरु हुनु र आफूलाई पनि कोरोना भाइरसका बिरामीमा हुने लक्षण देखिएपछि कस्तो मनोदशा हुन्छ होला ? परिवार र आफन्तमा पर्ने त्रास कस्तो हुन्छ होला ? त्यसबाट बच्न गरिएका उपायहरु नै सङ्ग्रौलाका उपन्यासमा रोचक ढंगले समेटिएका छन् । जसले आम नेपाली मात्र होइन विश्व मानवहरुकै दैनिकी र मनोविज्ञान उजागर गर्न सक्षम देखिएको छ यो उपन्यास । उपन्यासको प्रमुख पात्र उपन्यास लेखक 'राजेन्द्र सङ्ग्रौला' स्वयम् हुन् । साथमा जीवन संगिनी, छोराछोरी, परिवार, नातागोता, छरछिमेक, साथी-संगती, शुभचिन्तक जोडिएका छन् । अर्का महत्वपूर्ण पात्र लेखक सङ्ग्रौलाकी ममतामयी आमा हुन् ।

उपन्यासको विषय शुरु हुन्छ वि.सं. २०७६ चैत्र ११ अर्थात् नेपालमा कोरोना भाइरस संक्रमण रोकथामका लागि नेपाल सरकारले गरेको देशव्यापी लकडाउनको पहिलो दिनको




दैनिकीबाट । भाइरस संक्रमणको लक्षण देखिएको विश्वासमा यहीदिनदेखि घरमै सेल्फ क्वारेन्टाइनमा बसेर लकडाउनको पूर्ण पालना गरेका छन्- प्रमुख पात्रले । र, उपन्यास सकिन्छ, मातातीर्थ औंशी अर्थात २०७७ बैशाख ११ गते एक महिना अवधिमा । यसैदिनबाट उपन्यासका प्रमुख पात्र सङ्ग्रौलाले क्वारेन्टाइन र लकडाउन तोडिदिएका छन् । मातातीर्थका दिन माताको दर्शन र आशीर्वादले कोरोना भाइरस संक्रमणको लक्षण दूर हुने विश्वासमा उनले स्वयम्लाई बन्धनबाट बाहिर निकाल्दै उपन्यासको बीट मारिदिएका छन् । हो तिनै महिनादिनभित्रका दैनिक कथा नै यस उपन्यास हो । त्रास, उपाय र आशाहरु उपन्यासमा सलल बगेका छन् ।

सदा बिहानको तीन बजे उठ्ने राम्रो बानी परेका प्रमुख पात्र राजेन्द्र सङ्ग्रौला चैत्र ११ गते पनि पनि सोही समयमा उठ्दछन् । उज्यालो हुँदासम्ममा बाहिर सुनसान भइसकेछन् । मानिसहरु घर बाहिर निस्किए पनि सामाजिक दूरी कायम गर्न थालि सकेछन् । साइरन बजाउँदै प्रहरीहरु गस्ती शुरु गर्न थालिसकेछन् । बजारका पसलहरु अब खुल्न छाडेछन् । घर बाहिर निस्केका प्रमुख पात्र सङ्ग्रौलालाई शुभचिन्तकहरुले विश्वको परिदृष्य दर्शाउँदै कोरानाबाट जोखिन सल्लाह दिन्छन् ।

दुई महिनादेखि लाग्दै आएको खोकी निको भएर पनि पुनः शुरु हुनुलाई कतै कोरोनाको लक्षण हो की ? भनी घरकै एक कोठामा प्रमुख पात्र सङ्ग्रौला सेल्फ कवारेन्टाइनमा बस्न शुरु गरेका छन् । घरका सबैका मनमा एक प्रकारको त्रास पैदा भएको छ । जीवनसंगिनी र छोरीहरुले बढो होशियारीपूर्वक सजगता अपनाउँदै औषधि खान सम्झाउनेदेखि, तातो पानी, खानाको व्यवस्था शुरु गर्दछन् । अमेरिका लगायत विदेशमा र स्वदेशमा रहेका नातेदारहरुले भिडियो कल गरेर हालचाल सोध्दै सल्लाह दिन्छन् । पछिल्ला दिनहरुमा नातेदारहरुसँगको कुराकानीको क्रम बाक्लिँदै जान्छन् । आ-आफू रहेका ठाउँका परिदृष्य बताउँदै सल्लाह सुझाव दिने क्रम सघन हुँदै जान्छन् ।

प्रमुख पात्र सङ्ग्रौला छट्पटिँदै घर बाहिर आँखा डुलाउँछन् । सडकमा गाडीहरु गायब छन् र मास्क लगाएर मानिसहरु साइकलमा एक्कादुक्का हुँइकिरहेका छन् । कतै टाढा प्रहरीको गाडीको साइरन सुनिन्छन् । सञ्चामाध्यमहरुले कोरोना कहरबारे फुकिरहेका सुनिन्छन् ।

लक्षणसँग मेल खाएकामा प्रमुख पात्र चिन्तित् हुन्छन् । टेलिभिजन हेरिरहेका नाति-नातिनी हेर्दै प्रमुख पात्र आफू फ्याट्टै मरेँ भने यिनीहरु के गर्लान् ? भन्ने सोचमा पुग्दछन् । वि.सं. २०३१ मा निमोनिया महामारीले अरु धेरैको मृत्यु भए जस्तै आफ्नै पाँच वर्षे भाइ र दुइ वर्षे बहिनीको मृत्युको क्षण सम्झन पुग्दछन् । डाक्टर आएर सामाजिक दूरी कायम गर्दै झ्यालबाट थर्मोमिटर छिराएर जाँच्छन् र दवाई लेखिदिएर जान्छन् । घरकाहरुले जाउलो, पानी पनि टाढै राखिदिएर जान्छन् । आफू गएका ठाउँकालाई केही पो भयो कि भनेर प्रमुख पात्रलाई डिप्रेसन जस्तो महशुस हुन्छ । कान्छी बहिनी भिडियो कलमा भन्छिन्- 'विदेशीहरुले नेपालमा कोरोना भित्र्याए । घर बाहिर ननिस्कनु, प्रहरी थानामा ठिङ्गुरिनु पर्ला ।'

प्रमुख पात्र टोलको हालचाल पनि बुझ्दछन् । टोलमा रहेका दैनिक मजदुरी गरिखानेहरुबारे मजदुरहरुबारे चिन्ता गर्छन् । चंखुबुढो, कुर्मीमाइला, दलवीर सतार, कुन्ते भुजेलबारे चिन्ता गर्छन् । लकडाउनले निम्त्याएको गर्जो टार्न चतुरीले सात हजारमा बोको बेचेको खबर लगायत विविध पक्ष बडो रोचक ढंगले लेखेका छन् उपन्यासमा ।

आम मानिसहरुको पनि दैनिकी यस्तै गरी बितेका छन् । अनिश्चितता, एकातिर कोरोना र दुईछाकको त्रास, अर्कोतिर प्रशासन र स्थानीय सरकारको डण्डाको त्रास । केबाट मात्रै जोगिनु र के-के मात्रैको जोहो गर्नु ? आपतमा मानिसहरुले बिचित्र-बिचित्र किसिमले आ-आफ्ना लागि केही बन्दोबस्त र सुरक्षा गर्दा रहेछन् । छेपाराले रङ्ग फेर्छ भन्छन्, तर आपतमा मान्छेहरुले नै रङ्ग बदल्दा रहेछन् । पदासीन र पहुँचवालाले राष्ट्रको स्रोत र साधनको भरपुर दुरुपयोग गर्दारहेछन् । गरीबहरु भोकै र अलपत्रै पर्दा रहेछन् ।

यस उपन्यासको अर्का प्रमुख महत्वपूर्ण पात्र अर्थात् प्रमुख पात्र सङ्ग्रौलाकी ममतामयी आमाले विगतका महामारीबारे फोनमा प्रमुख पात्रलाई विभिन्न मितिमा सुनाएका श्रृंखलाबद्ध कथा, महामारीले दिएको दुःख र क्षतिका प्रसंगहरु निकै मनछुने र मार्मिक लाग्दछन् । यसरी कोरोना दैनिकी चल्दै जान्छ । प्रमुख पात्र बिरामी भएका कतिलाई थाहा छ, कति थाहा छैन । बिरामी भएको थाहा पाउँदा कतै कोरोना नै त भएको होइन ? भन्ने आफन्त र इष्टमित्रहरुको चिन्ता, सल्लाह, व्यबहार र मनोविज्ञान बडो रोचक लाग्दा छन् ।

यो उपन्यास जीवन संघर्षको एउटा रोचक कथा पनि हो । विशेषगरी पूर्वी नेपालको जीवन संघर्ष झल्कन्छ यस कृतिमा । लेखक स्वयम्का परिवारको पहाडदेखि तराईसम्मको संघर्ष कथा लेखिएका छन् । सो कथासँग धेरै-धेरैको बुहार्तन मेल खान सक्छन् र आफ्नै कथा सम्झेर विगतमा डुब्न र आनन्द लिन सक्छन् । यस उपन्यासमा थुप्रै समसामयिक विषयहरु पनि समेटिएका छन् । स्रष्टा सङ्ग्रौलाको अध्ययन, अनुभव र विचारहरु यस उपन्यासमा पोखिएका छन् ।

यो उपन्यासले सुदूर भविष्यसम्म ठूलो महत्व राख्ने देखिन्छ । डायरी लेखन जस्तो लागे पनि यो उपन्यास कोरोनाकालको आम नेपालीको दैनिकी, व्यवहार र मनोविज्ञानको दस्तावेज भन्न सकिन्छ । जसलाई साहित्यकार राजेन्द्र सङ्ग्रौलाले लेख्ने जाँगर चलाए । वास्तवमा यो एउटा त्रासदीको अनुभूति हो । जो यस उपन्यासमा सुन्दर अक्षरहरुको रुपमा रेकर्ड भएका छन् । यो उपन्यास एक इतिहास पनि मान्न सकिन्छ । भविष्यका पुस्ताले आजका पुस्ताले भोगेका विपत्तीबारे जान्ने छन् र मार्गदर्शन पाउने छन् ।

प्रगतिशीलता र सामाजिक यथार्थवादमा आधारित रहेर उपन्यास लेख्ने संङ्ग्रौलाका यसअघि छ वटा उपन्यास प्रकाशित भएका छन् । थुप्रै सम्मानहरुबाट सम्मानित स्रष्टा सङ्ग्रौला सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय रहेका छन् । प्रगतिशील लेखक संघ झापाका अध्यक्ष हुनुका साथै विभिन्न सामाजिक तथा साहित्यिक संघ-संस्थामा आबद्ध भइ समाजसेवामा समर्पित छन् । उनको रोचक उपन्यास 'संक्रमण' पढ्ने जिम्मा पाठकवर्गमा ।

कविता

## जीवन व्यथा




विवेक भट्टराई (बाबुराजा)

बिरानो यो संसारमा एक्लो हुन पुगेँ
थाह नपाई जीवनमा धोका खान पुगेँ ।
दिन बित्दै थियो समयको काँटा जस्तै
घामको किरण प्रभावले संकेत दिए जस्तै
अस्ताएको घामसँगै डुब्ने संकेत दिएँ
जिन्दगीको पिरले गर्दा नशा पिउँदै थिएँ ।
चन्द्रमाको प्रकाश झर्दा पृथ्वी उज्यालो
औंशीको दिन कालोरात पृथ्वी अँध्यारो
चम्कदै थिँए तारा सँगै जब
गर्जेर आकाशबाट बज्र पर्यो तब ।

*बुद्धशान्ति-२ जयपुर, झापा*

## कोपिला



सुनिता निरौला


हाम्रो घरको फूलबारीमा एउटा फूल फूल्यो
त्यो फूलको वासनाले सारा संसार भूल्यो ।
बगैंचामा हेर्दाखेरी स्वर्ग जस्तो लाग्छ
भँवरा र मौरी आई गीत गाई नाच्छ ॥

सबै फूलमा सुवाससित एउटा अझ राम्रो
घरको शोभा बढाउँदा बढ्यो खुशी हाम्रो ।
मेरो मनमा पलाएको तिमी एक फूल
भरोसामा बाँचेका छौं हामी नगर्नु है भूल ॥

*दमक, झापा*

कथा

# भगवान



अमित संग्रौला

पोखरामा बस्ने सीता अमेरिकामा बस्ने विदेशी नागरिकसँग प्रेम विवाह गरेर गइन् । अमेरिकाको सपना देखेर सीताका बा-आमाले पनि स्वीकारे । सीता पोखरामा पथप्रदर्शक थिइन् । उनीहरुको प्रेम भएपछि विवाह भएको थियो ।

सीता अमेरिकामै रमाउन थालिन् । महङ्गो-महङ्गो गाडी चढ्न पाइन् । विदेशी रहनसहनमा घुलमिल भएर कपाल छोटो पार्दै रंगीचंगी बनाएर हिँड्न थालिन् । अमेरिकामा बस्न थालेपछि पैसा पनि कमाउन थालिन् ।

समय बित्दै गयो । विवाह गरेको सात वर्ष पुग्दा पनि सन्तान नभएपछि उनीहरु चिन्तित हुन पुगे । नेपालमा भएको एक मन्दिरमा पूजापाठ गर्दा सन्तान हुन्छ भनेको सुनेपछि दुबै जना नेपाल आए । बेलुका मन्दिर छेउको होटलमा बास बसे ।

सीताको बाल्यकालदेखिको साथी प्रकाशले होटल चलाएको रहेछ । दिनभरि हिँडेर थाकेर आएकाले सीताको श्रीमान् बेलैमा सुते । सीता भने बालसखा प्रकाशसँग गफ गर्दै सोधिन्

'विवाह किन नगरेको नि ?'

प्रकाशले भने '१२ कक्षा पास गर्न नसकेपछि म विदेश गएँ । उता पनि सोचे जस्तो भएन । अनि म फर्किएँ स्वदेश । अलि-अलि कमाएको पैसाले यहाँ व्यवसाय गरेको । व्यवसायमा लागेपछि बिहेतिर ध्यानै गएन । तिमी त बिहे गरेर अमेरिका गइछौ । छोराछोरी कति भए नि ?'

सीता केही बोलिनन् । रात छिप्पिँदै थियो । प्रकाशले कुरा कोट्याए 'तिमी झन् राम्री भइछ्यौ नि ।' दुवै जना मस्कीमस्की कुरा गर्न थाले । प्रकाशले कफी लिएर आयो ।


'म सानोमा तिमीलाई मन पराउँथे नि । तर तिमीलाई भन्न सकिनँ ।'

'म पनि तिमीलाई राम्रो लाग्थ्यो नि ।' सीताले सहमति जनाइन् ।


बिस्तारै दुवैमा कामवासना जागृत भयो । प्रकाशले हात समाएर कुरा गर्यो । पुसको चिसो महिनामा प्रकाशको तातो हातको स्पर्शपछि सीता रोमाञ्चित भई । बिस्तारै-बिस्तारै आलिङ्गन र चुम्बनमा दुवै मग्न भए । त्यसपछि सीताले आफ्नो लोग्ने साथमै छ भन्ने नै बिर्सिइन् । प्रकाशसँग ज्यादै खुशी भई त्यो रात ऊ ।

बिहान सबरै उठेर सीताका दम्पत्ति बाटो लागे । वर्ष दिन नहुँदै सीताले छोरो जन्माइन् । सीता र उसको लोग्ने पनि खुशी भए ।

छोरो ५ वर्ष पुग्यो । अमेरिकाको एक पार्कमा खेलिरहेको थियो । सीताको लोग्नेले भन्यो 'लुक एट द आओर सन् । ड्याट इज गड गिफ्ड ।' सीता हेरिरहेकी थिइन् प्रकाशको प्रतिबिम्ब ।



# 'जनतासँग गरेका प्रतिबद्धता पूरा गर्छु'



**नवराज केसी : अध्यक्ष**
चम्पादेवी गाउँपालिकाका

चम्पादेवी गाउँपालिका ओखलढुंगा जिल्ला सदरमुकामदेखि दूरीको हिसाबमा नजिक देखिए पनि करिब १६ कोष टाढा उत्तरपश्चिममा अवस्थित पहाडी धरातलको उच्च भू-भागमा अवस्थित गाउँपालिका हो। समुद्री सतहदेखि एक हजार मिटरदेखि दुई हजार आठ सय मिटरको उचाइमा रहेको यस गाउँपालिकाको पूर्वमा ओखलढुंगा जिल्लाकै सुनकोसी मोलुङ गाउँपालिका र पश्चिममा लिखु गाउँपालिका, सिन्धुली र रामेछाप जिल्लाको रामेछाप नगरपालिका पर्छन् भने उत्तरमा लिखु गाउँपालिका, खिजीदेम्बा गाउँपालिका र मोलुङ गाउँपालिका र दक्षिणतर्फ सिन्धुली जिल्ला पर्छन्।

१२६.९१ वर्ग किलोमिटर क्षेत्रफलमा रहेको यस गाउँपालिकामा २०६८ सालको जनगणना अनुसार १८ हजार छ सय ९१ जनसंख्या रहेको छ भने तीन हजार एक सय १८ घरपरिवार रहेका छन्। १० वटा वडा रहेको यो गाउँपालिका साविकका पलापु, कालिका, फेदीगुठ, फूलबारी, बिलन्दु, रानीवन गाविस मिलेर बनेको गाउँपालिका हो। दलित, जनजाति र अन्य विभिन्न जातिको साझा थलो रहेको यो गाउँपालिका सबै जाति, सबै धर्म, सबै भाषा, सबै संस्कृति र संस्कारको साझा थलोको रूपमा रहेको छ। बेंसीका फाँटदेखि उच्च भू-भाग लेकसम्मको यो भू-भाग जैविक विविधतायुक्त छ। ओखलढुंगा जिल्लाकै धार्मीक पर्यटकीयस्थल चम्पादेवी, उच्चस्थल मालिङ्गेडाँडा र घना जंगल भएको गौरी वन यसै गाउँपालिकामा पर्छन् भने लिखु नदी यसै गाउँपालिकामा रामेछाप जिल्लालाई सिमाना बनाएर बगेको छ। यो गाउँपालिका पर्यटकीय दृष्टिकोणले रमणीय छ।

आदिवासी जनजाति तथा विभिन्न जातिहरूको परम्परागत सांस्कृतिक रीतिरिवाज, धर्म संस्कृति र प्राकृतिक सौन्दर्य बोकेको भए पनि यो गाउँपालिका विकास निर्माणका दृष्टिकोणले केही वर्षयता मात्र अगाडि बढ्दै गरेको देखिन्छ। सडक यातायातको वर्षभरि पहुँच नपुग्नु, व्यवसायिक कृषि प्रणाली हुन नसक्नु, जडिबुटीको पहिचान हुन नसक्नु तथा पर्यटकीय क्षेत्रमा विकास हुन नसक्नु यहाँको प्रमुख चुनौति रहेको छ भने तत्तत् क्षेत्रको विकास गर्नु यस गाउँपालिकाको अवसर रहिआएको छ। गाउँपालिका अध्यक्ष नवराज केसी आफ्नो कार्याकालमा गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउने लक्ष्यका साथ लागीपरिरहेका छन्।

बुवा रणबहादुर केसी र आमा गायत्रादेवी केसीका तेस्रो सन्तानका रूपमा २०२६ साउन १० गते जन्मिएका उनी विद्यार्थी समयदेखि नै नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघमा आबद्ध रही राजनीतिमा होमिएका उनी नेपाली कांग्रेसको तर्फबाट २०७४ को स्थानीय तह निर्वाचनमा चम्पादेवी गाउँपालिकामा विजयी भएका थिए। आफ्नै घर छेउमा रहेको विद्यालयबाट प्रारम्भिक शिक्षा लिएका उनले ज्ञानप्रकाश मावि घोराखोरीबाट एसएलसी परीक्षा दिएपछि पशुपति क्याम्पस चाबहिलबाट स्नातक गरेका हुन्। २०४६ साल अघिदेखि निरन्तर नेपाली कांग्रेसको सक्रिय राजनीतिमा संलग्न रहेका केसी अहिले नेपाली कांग्रेस ओखलढुंगाका जिल्ला सचिव समेत रहेका चम्पादेवी गाउँपालिकाका अध्यक्ष **नवराज केसी**सँग गरेको कुराकानी प्रस्तुत छ-

**तपाईंले चुनावका समयमा जनतासँग गरेका प्रतिबद्धता कति पूरा गर्नुभयो ?**

- मैले चुनावका बेला मतदातासँग धेरै प्रतिबद्धता गरेको थिएँ, तर जनतालाई अतिआवश्यक तीन प्रतिबद्धता चाहिँ पूरा गर्न लागीपरेको छु। यहाँको सबैभन्दा समस्या भनेको सडक, खानेपानी र विद्युत् हो। सडक हरेक वडाको टोल-टोलमा पुग्न लागिसकेको छ। वडा नं. १० मा केन्द्रीय विद्युत् प्रसारण लाइन पुगिसकेको छ भने वडा नं. १, २ र ३ मा धमाधम विद्युत् लाइन विस्तारको काम भइरहेको छ भने अन्य वडामा स्थानीय स्तरमा निर्माण गरिएका माइक्रो हाइड्रोबाट विद्युत् आपूर्ति गरिएको छ। अबको केही समयमा गाउँपालिकाका वडा नं. ४, ५, ९ का सबै स्थान र ८ को केही स्थानमा सुनकोशी गाउँपालिकाको कोष भञ्ज्याङबाट विद्युत् विस्तारको योजना रहेको छ।

त्यसैगरी वडा नं. १० मा केन्द्रिय विद्युत् बलिसकेको ६, ७ र वडा नं. ८ का केही स्थानमा वडा नं. १० बाट विद्युतीकरण गरिने योजना रहेको छ। आफ्नो कार्यकालमा उज्यालो गाउँपालिका बनाउने योजना रहेको छ। चम्पादेवीमा धेरै समस्या रहेको खानेपानीको हो। खानेपानीका लागि पहल गरिरहेको छु। गाउँपालिकाको दश हजारभन्दा बढी जनसंख्या रहेको पलापुमा डिप बोरिङ र पम्पिङ प्रणालीबाट सुनकोसीको पानी दैनिक दुई लाख लिटर गाउँमा ल्याउने योजना बनिरहेको र २०७७ सालभित्र पलापुका सबै घर-घरमा खानेपानी ल्याइ पुऱ्याउने लक्ष्यका साथ लागिएको छ भने कालिकामा पनि सोही प्रणालीबाट पानी ल्याइसकेका छौं।

**आगामी दिनमा गाउँपालिका मार्फत् के गर्ने योजना बनाइ रहनुभएको छ ?**

- गाउँपालिकामा सबै वडाको सबै टोल-टोलमा मोटरबाटो पुगेपछि गाउँपालिकामा रिङरोड, चम्पादेवी बृहत खानेपानी योजना मार्फत् घर-घरमा खानेपानी धारा, उज्यालो चम्पादेवीको सपना बोकेर हिंडेको छु। सम्भवतः यो योजना आफ्नै कार्यकालमा पूरा गर्ने लक्ष्यका साथ लागीपरेको छु।

**निर्वाचनपछि शैक्षिक गुणस्तर बढाउनका लागि के-के गर्नुभयो ?**

- आफूले चुनाव जितेर आएपछि हामीले शिक्षामा जिल्लामै राम्रो काम गरेको अनुभूति गरेका छौं। आफ्नै पाठ्यपुस्तक तयार गरी लागू गरिएको छ। विद्यार्थी नभएका स्थानका विद्यालय गाभिएको छ, शिक्षक नभएका ठाउँमा शिक्षक भर्ना गरिएको छ। गाउँपालिकामा आफ्नै पाठ्यपुस्तक लागू गर्ने जिल्लामै पहिलो गाउँपालिका चम्पादेवी भएको दाबी गर्छु। गाउँपालिकाभरि रहेका विद्यालयमा विद्यार्थीमा एकरूपता ल्याउनका लागि एउटै पोशाक अनिवार्य गरिएको छ। शैक्षिक गुणस्तर बढाउनका लागि चम्पादेवी जिल्लामै पहिलो गाउँपालिका रहेको छ।

**जिल्लामा चम्पादेवी गाउँपालिका किन बढी चर्चामा छ ?**

- यहाँ विपक्षी राजनीतिक दलका साथीहरूले राम्रो कामको पनि गलत चर्चा गरेर गाउँपालिकाको नै बदनामी गर्न लागीरहनु भएको छ। शिक्षामा हामीले राम्रो काम गरेका छौं, सम्भव नभएका विकासका कामहरू गरेका छौं, गाउँपालिकाको आफ्नै ऐन बनाएर कर्मचारी भर्ना गरेका छौं। राम्रो कामको जिल्लामा रहेका सबै पत्रकार मित्रहरूले पनि चर्चा गरिरहनुभएकै छ, यसमा आफू गौरवान्वित भएको ठानेको छु। तपाईहरु जस्ता स्वच्छ पत्रकारिता गर्नेहरुका कारण सञ्चारमाध्यमले हाम्रो कामको मूल्यांकन गरेका छन्। जे होस्, राम्रो कामको जहाँ पनि चर्चा हुने नै गर्छ, तर २०४८ देखि सत्ताको स्वाद चाखिरहेका मान्छेहरूलाई यो पटक जनताले सत्ताच्युत गरेका कारण उहाँहरू अत्तालिएर यो हर्कत गर्नुभएको छ। उहाँहरूले विल्कुलै राजनीतिक संस्कार बिर्सिएर यो हौवा फिँजाइरहनु भएको छ।

**विपक्षी दलले सधैं बदनाम नै चाहन्छ र ?**

- चाहँदैन, तर हाम्रोमा यही भएको छ। हरेक कामको विरोध गरिन्छ, हल्ला गरिन्छ। आफूले गरेको गल्ती केही देखिन्नँ, तर अरूले गरेको कामको सधैं बदनामी नै गरिरहनुहुन्छ उहाँहरू।

**चम्पादेवी गाउँपालिकाको विवाद र अनियमितताको विषय अदालत र अख्तियारसम्म पुग्यो नि किन ?**

- सत्तापक्ष र विपक्षबीच सामान्य टकराव तथा विवाद भएन भने सत्तापक्षले एकलौटी काम गर्छ भन्ने मान्यता हो मेरो। तर, यहाँ नचाहिंदा कुराहरूमा अलिक बढी किचलो गरिरहनुभएको छ। अनियमितताको विषयलाई लिएर अख्तियारमा मुद्दा हाल्नु भयो। यहाँ अनौठो छ चलन।

**गाउँपालिकामा कृषि तथा पर्यटन क्षेत्रमा के गर्ने लक्ष्य राख्नुभएको छ ?**

- विशेषगरी गाउँपालिकाका विभिन्न स्थानमा कृषि पकेट क्षेत्र घोषणा गर्ने लक्ष्यका साथ लागिएको छ। वडा नं. १ र २ लाई कपासको पकेट क्षेत्र बनाउन लागीपरेका छौं, किनकि यहाँ उत्पादित खाडीको कपडालाई देशभर चिनाउन कपासको पकेट क्षेत्र बनाउनुपर्ने देखिएको छ। यसका लागि यस वर्ष पनि केही बजेट विनियोजन गरिएको छ। त्यस्तै, वडा नं. ७, ८, ९ र १० लाई अलैंची पकेट क्षेत्र घोषणा गरिंदै छ। यस वर्ष पनि यहाँ तीन लाखभन्दा बढी अलैंची रोपिएको छ। वडा नं. ३ को सिल्खु बेंसी जिल्लाकै राम्रो धान उत्पादन हुने स्थान हो। यसलाई धानको पकेट क्षेत्र बनाउँदैछौं भने अन्य स्थानमा माटो सुहाउँदो खेती गरिने लक्ष्यका साथ लागेका छौं। गाउँपालिकामा रहेको जिल्लाकै दोस्रो अग्लो स्थान मालिङ्गे डाँडा र चम्पादेवीलाई पर्यटकीय हब बनाउने लक्ष्यका साथ लागिपरेका छौं। मालिङ्गेबाट सूर्योदय तथा सूर्यास्तको दृश्य राम्रो देखिनुका साथै विभिन्न हिमशृंखलाहरू समेत देखिन्छन्। यहाँ एउटा भ्यू-टावर निर्माण गरी आन्तरिक तथा बाह्य पर्याटक भित्र्याउन विशेष पहल गरिरहेका छौं।

गाउँपालिकामा रहेको जिल्लाकै दोस्रो अग्लो स्थान मालिङ्गे डाँडा र चम्पादेवीलाई पर्यटकीय हब बनाउने लक्ष्यका साथ लागीपरेका छौं। मालिङ्गेबाट सूर्योदय तथा सूर्यास्तको दृश्य राम्रो देखिनुका साथै विभिन्न हिमशृंखलाहरू समेत देखिन्छन्। यहाँ एउटा भ्यू-टावर निर्माण गरी आन्तरिक तथा बाह्य पर्याटक भित्र्याउन विशेष पहल गरिरहेका छौं र ककनी चम्पादेवी धार्मिकस्थलमा धार्मिक पर्यटक भित्र्याउन र ककनी चम्पादेवी संरक्षणका लागि बृहत ककनी चम्पादेवी योजना बनाई यसको डिपीआर समेत तयार भएको छ। यहाँ धार्मिक पर्यटक भित्र्याउनका लागि विशेषगरी साँघुटार घोराखोरी दलीडाँडा ककनी र नवलपुर पलापु सिद्धपोखरी फेदीगुठ ककनी पदमार्ग निर्माणको योजना बनाइरहेका छौं।

**स्वास्थ्य क्षेत्र र कोरोना महामारीमा सर्वसाधारणको हितमा गाउँपालिकाले के गऱ्यो ?**

- स्वास्थ्य क्षेत्रमा हामीले गर्नैपर्ने काम गरिरहेका छौं। गाउँपालिकाका हरेक वडामा स्वास्थ्य इकाइहरु स्थापना गरिसकेका छौं। जिल्लामा जिल्ला अस्पतालभन्दा अन्य स्थानमा रहेको पहिलो प्राथमिक स्वस्थ्य केन्द्रमा १५ शय्याको अस्पताल निर्माणमा हामीहरु जुटी रहेका छौं। सरकारले कोरोना अस्पताल निर्माणको लागि गरेको अनुदानको रकमले हाल अस्पताल सञ्चालनमा आइरहेको हुँदा हामीहरु स्वास्थ्य क्षेत्रमा पनि अगाडि नै रहेका छौं। कोरोनाका समयमा हामीले गर्नैपर्ने कामहरु गरे जस्तो लाग्छ। कोरोना महामारीका समयमा घरबाट टाढा रहेका आफ्ना गाउँपालिकाका नागरिकका लागि राहत वितरण गरेका थियौं। हामीले नगरिकहरु जहाँ बसेका छन् त्यहीं राहत वितरण गऱ्यौं। गाउँ-गाउँमा पनि रोजगारी नपाएका सर्वसाधारणलाई घर-घरमा राहत समेत वितरण गेर जनताको मनमा बस्न सफल भए जस्तो लागेको छ।

**जनताका लागि गर्नैपर्ने केही काम छन् कि ?**

- हामीले गर्नैपर्ने अर्को काम भनेको बिलन्दुमा रहेका आधा दर्जन तामाखानी संरक्षण तथा उत्खननका लागि पहल गर्नुपर्नेछ। विभिन्न स्थानमा रहेका धार्मिकस्थलहरूको पहिचान र प्रचार-प्रसार गरी धार्मिक पर्यटक बढाउने प्रयत्नका साथ लागीपर्ने छौं। विशेषगरी दुई वर्षभित्र उज्याले चम्पादेवी, घर-घरमा पानीको धारा बनाउन र वैदेशिक रोजगारीमा जाने युवाहरूलाई केही गरे यहीं हुन्छ भन्ने नाराका साथ कृषिमा लाग्न लालायित बनाउने योजना बनाएका छौं। आफ्नो कार्यकालमा चम्पादेवीलाई विकासबाट फड्को मारेर आर्थिक उन्नतिमा लैजाने प्रणका साथ लागीपरेको छु।

**प्रस्तुति : मनोज भट्टराई**

## बस दुर्घटनामा १५ जना घाइते

**संखुवासभा, चैत २०।** संखुवासभाको मादी नगरपालिकाबाट धरानतर्फ जाँदै गरेको को १ ख २८२४ नम्बरको शुभम् डिलक्स गाडी धर्मदेवी नगरपालिका-४ को दोभान रिसोर्ट नजिक दुर्घटना हुँदा १५ यात्रु घाइते भएका छन्।

२० मिटरमाथिबाट गाडी पल्टिँदा दुर्घटना भएको हो। घटनास्थलमा गुल्म नम्बर ४ सशस्त्र प्रहरी बल चैनपुर र इलाका प्रहरी कार्यालय चैनपुरसहितको सुरक्षाकर्मीको सहयोगमा घाइतेलाई उपचारका लागि धरानस्थित वीपी मेमोरियल अस्पताल पठाइएको सशस्त्र प्रहरी बल संखुवासभाका प्रहरी नायब उपरीक्षक विशाल सिलवालले जानकारी दिए।

दुर्घटना के कारणले भयो भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


**तु- चाहियो**

कृषिफर्ममा बसेर काम गर्ने दम्पत्ति चाहियो।

**सम्पर्क फोन नं. ९८१५०८०३९१**

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**सुरक्षागार्ड चाहियो**

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।

लेखापाल : १ जना
योग्यता : +२ पास (अनुभवी)

**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
फोन सम्पर्क :
(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

**पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला**

हिन्दी चलचित्र : MUMBAI SAGA
पहिलो शो ११:४५।
दोस्रो शो २:४५।
तेस्रो शो ६:३०।

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
(फोन नं. ०२३-५४६४३६)




सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**


पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२


**भूमिसुधार कार्यालय भद्रपुर, झापाको**

**मोही हकदावी सम्बन्धी सूचना**

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| घनश्याम तिम्सिना | चारपाने-७ | ७७८ | ०-१०.० | उखारु/उखारी राजवंशी |
| रेनुका हल्वाई | केचना-१ | ४१३ | ०-१०-० | सनातन गणेश/सनातन सतार |
| सनमाया राई | तोपगाछी-३ | ५०३३<br>१०३५ | २-२-५<br>०-६-५ | चन्द्रबहादुर राई |
| नरबहादुर गौतम | तोपगाछी-३ | ३४३ | ०-६-१० | जागेश्वर कुमार |
| नरबहादुर गौतम | तोपगाछी-३ | ३३९ | १-१५-० | जोलाहा/जोताहा सतार |
| राजेन्द्र दाहाल | घैलाडुब्बा-६ | ९३९ | ०-१-१० | फिरंगी चौधरी |
| टेकनारायण राजवंशी | कुमारखोद-१ | १४० | ६६७२.६३ | मनाल हेमरम सतार<br>वडका मुर्मु सतार<br>छकमलिया/टुकमलिया कहार |
| टेकनारायण राजवंशी | कुमारखोद-१ | १३९ | ४३००.६३ | मनाल हेमरम सतार<br>टक्रमलिया कहार |



ज्यो. मधुसुदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०७४७९१)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आँटले सजिलै लक्ष्यमा पुऱ्याउनेछ। दिगो फाइदा हुने काम सम्पादन हुनेछ। सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। आफ्नो प्रतिभाको कदर हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ। कृषि तथा पशुधनले मनग्गे फाइदा दिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ। प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ। दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बनाउन सकिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रक्रिया नमिल्नाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ। पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** भौतिक साधन जुट्नाले रोकिएका काम पुनः शुरु हुने छन्। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** रचनात्मक काममा जुट्ने समय छ। केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ, आफ्ना सूचना सम्बन्धी गोपनीयतामा ध्यान पुऱ्याउनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतले सम्मानित स्थान दिलाउनेछ। मान-सम्मान प्राप्त हुनेछ। सम्पादित कामबाट धन लाभ हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। चिताएको काम सम्पादन हुनेछ।

# भावपूर्ण श्रद्धाञ्जलि



जन्म
वि.सं. १९८८
कात्तिक १७

स्वर्गारोहण
वि. सं. २०७७
चैत १०

## स्व. गिरिराजकुमारी प्रसाई

यस सानो संसार ल्याण्ड एण्ड हाउजिङ प्रा.लि.का अध्यक्ष, समाजसेवी, शिक्षासेवी आदरणीय विवेककेशरी प्रसाईंकी पुजनीय माता तथा प्रजातान्त्रिक आन्दोलनकी अग्रणी नेतृ **गिरिराज कुमारी प्रसाईंज्यू** को ९० वर्षको उमेरमा भएको निधनले हामीलाई स्तब्ध एवम् मर्माहत बनाएको छ ।

पिता क्याप्टेन गज्जबहादुर कार्की तथा माता चन्द्रकुमारी कार्कीकी सुपुत्रीका रूपमा वि.सं. १९८८ कात्तिक १७ गते ललितपुर जिल्लाको कुमारीपाटीमा जन्मनु भएकी उहाँले समाजवादी चिन्तन सि.के. प्रसाई (भरतबाबु)सँग वैवाहिक जीवन जिउनुभयो । बिर्तामोड-५ देवीबस्तीमा बसोबास गर्दै आउनु भएकी श्रद्धेय **गिरिराजकुमारी प्रसाई**को २०७७ चैत १० गते भएको दुःखद् देहावसानबाट हामीले प्रेरणाको स्रोत एवम् पुज्य अभिभावकलाई गुमाएको अनुभूत गरेका छौं ।

दुःखको यस घडीमा स्वर्गीय माताप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं । साथै, अभिभावक गुमाउनु परेको असिम पीडामा रहनु भएका उहाँका छोरा-बुहारी विवेककेशरी प्रसाईं/संगीता शर्मा प्रसाईं, छोरी रमिता प्रसाईं, छोरी-ज्वाइँ नम्रतासिंह-शेखरसिंह बिष्ट, नातिनी ज्वाइँ अपेक्षा प्रसाई पोखरेल/मिसाल पोखरेल, नातिहरू अनुसन्धान प्रसाईं, अनुदान प्रसाईं, रेहानसिंह बिष्ट तथा नातिनीहरू श्रेयासिंह बिष्ट र रेहासिंह बिष्ट लगायत शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रबन्ध निर्देशक : **प्रकाश उप्रेती/रोशन प्रसाईं**

एवम्

## सानो संसार ल्याण्ड एण्ड हाउजिङ प्रा. लि. परिवार

**अर्जुनधारा-६, देवीबस्ती (झापा)**